संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८१/३/७, बैठक संख्या: ३५

## छलफल/निर्णय

१ समितिको आजको बैठकमा नेपाल सिमेन्ट उत्पादक संघको निवेदनका सम्बन्धमा छलफल गर्दा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ को (ङ) मा खनिज पदार्थ भण्डारण गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नु पर्ने व्यवस्था रहेको र उक्त व्यवस्थाबाट स्वदेशी सिमेन्ट उद्योगहरूलाई नियमित एवं सुचारू रूपले संचालन गर्न नसकिने गरी खनी तथा भुगर्भ विभागको मिति २०८१/१/२१ गते उत्खनित खनिजको परिमाणको नाप गर्ने यथोचित यन्त्र जडान नगर्ने व्यक्ति/कम्पनीको खानी सञ्चालन कार्य स्थगन सम्बन्धी जारी भएको सूचनाबाट उद्योगहरू बन्द हुने अवस्थामा रहेको तर्फ समितिको गम्भिर ध्यानाकर्षण भएको छ। अतः हाललाई उद्योग स्थलमै रहेको तौलपुल प्रयोग गरी उत्खनित खनिजको परिमाण मापन गर्ने गरी ६ महिनाको अवधि थप गर्न र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ यथाशिघ्र संशोधन गरी खानी तथा खनिज पदार्थको उत्खननका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्ने।

२ समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।

| | |
|---|---|
| ................. | ..................... |
| (रामकुमार पौडेल) | (मा. अब्दुल खांन) |
| समिति सचिव | सभापति |